# कविलासी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मधेश प्रदेश, नेपाल

पत्र संख्याः ०८०/८१-८०
चलानी नं.: १६०४

मितिः ....२०८०।०२।२४.........

श्रीमान् वडा अध्यक्षज्यू,
वडा कार्यालय सबै,
कविलासी नगरपालिका, सर्लाही ।

**विषय : अगामी आ.व. २०८०।८१ को योजना तथा कार्यक्रम तर्जुमा गरी पठाउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा कविलासी नगरपालिका नगर कार्यपालिकाको अगामी आर्थिक वर्ष २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम निर्धारित समयमै नगर सभामा बजेट पेश गर्ने र पारित गर्नु पर्ने भएकोले तहाँ वडाबाट प्रचलित कानूनका साथै संलग्न तपसिल बमोजिमको मार्गदर्शनको आधारमा र श्रोत अनुमाण तथा सिमा निर्धारण समितिले तोकेको रु ५० लाख मात्र को सिमा भित्र रही आयोजना प्राथमिकीकरण गरी मिति २०८०।०२।२९ गते सम्म यस कार्यालयमा आई पुग्ने गरी अनिवार्य रुपमा पठाउनु हुन अनुरोध छ ।

<u>तपसिल</u>

१. बजेट, योजना तथा कार्यक्रम तर्जुमा तालिका
२. बस्ती एवं वडागत योजना छनौट तालिका
३. योजना तर्जुमाका आधार तथा मार्ग दर्शन
४. विषयगत क्षेत्र छुट्याउने आधार
५. अर्थ मन्त्रालयको मार्ग दर्शन
६. बस्ती तहको योजना छनौट प्रक्रिया
७. वडा तहको योजना छनौट तथा प्राथमिकीकरणको आधार
८. आयोजना प्राथमिकीकरण सूची फारम

राम नारायण साह
प्रमुख प्रशासकिय अधिकृत

<u>वडाबाट पठाउनु पर्ने विवरण :</u>

१. आयोजना प्राथमिकीकरण सूची फारम
२. वडा समितिको निर्णयको प्रतिलिपि

<u>बोधार्थ :</u>

श्रीमान् प्रमुखज्यू, कविलासी नगरपालिका,सर्लाही।
श्रीमान् उपप्रमुखज्यू, कविलासी नगरपालिका,सर्लाही।

इमेल ठेगाना:Kabilasimun@gmail.com वेवसाईटः www.kawilasimun.gov.np

**अनुसूची २४:**

## वडाको बजेट सीमा भित्रका वडास्तरीय आयोजना विवरण फाराम

*(दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ चरण ४ को ४.२ सँग सम्बन्धित)*

| प्रस्तावित आयोजना/कार्यक्रमको विवरण | | | | माग गर्ने (वडा/टोल/समूह/संस्था) | लाभान्वित घरधुरी वा जनसंख्या | कार्यान्वयन विधि | लागत तथा प्रस्तावित स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | स्थल | परिमाण | प्राथमिकता | | | | समुदाय | गापा/नपा | अन्य | जम्मा |
| आर्थिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| वातावरण तथा विपद् व्यवस्थापन | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| सुशासन तथा सेवा प्रवाह | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची २३ :**

# बस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयारी फाराम

*(दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ को चरण ३ को बुँदा ३.२ सँग सम्बन्धित)*

## क. वस्ती/टोल स्तरको आवश्यकता पहिचान तथा छनौट फाराम

| विषय क्षेत्र तथा उपक्षेत्र | के उपलब्ध छ ? (संभावना) | के छैन ? (आवश्यकता) | के हुनु पर्छ (कार्यक्रम/आयोजना) ? |
|---|---|---|---|
| **आर्थिक क्षेत्र:** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र आदि । | | | |
| **सामाजिक क्षेत्र:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आदि । | | | |
| **पूर्वाधार क्षेत्र :** सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत्, सञ्चार आदि । | | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन:** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन आदि । | | | |
| **संस्थागत विकास, सुशासन र सेवा प्रवाह:** ऐन कानून तर्जुमा, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन, सेवा प्रवाह, सूचना व्यवस्थापन आदि । | | | |

## ख. वस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फाराम

| विषय क्षेत्र | आयोजना/कार्यक्रम विवरण | | | लागत अनुमान (रु हजारमा) | | | | लाभान्वित घरधुरी/जनसंख्या | माग गर्ने समूह, टोल/समुदाय वा वस्तीको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थल/स्थान | परिमाण | समुदायको योगदान | गापा/नपा | अन्य | जम्मा | | |
| आर्थिक विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

वस्ती एवं वडागत योजना छनौट तालिका
आर्थिक वर्ष २०८०।०८१

| वडा नं. | वस्ती स्तरीय योजना छनौट मिति | वडा स्तरीय योजना छनौट मिति | कैफियत |
|---|---|---|---|
| १. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| २. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ३. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ४. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ५. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ६. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ७. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ८. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| ९. | २०८०।०२।२७ | २०८०।०२।२८ | |
| १०. | २०८०।०२।२७ | २०८०।०२।२८ | |

योजना तर्जुमाका आधार तथा मार्ग दर्शन
आ.व. **२०८०।०८१**

<u>वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु</u>

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा मापदण्डहरु
६. स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
७. संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
८. स्रोत साधन
९. विकासका अन्तर सम्बन्धित विषयहरु
१०. नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु
११. संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु ।

## वार्षिक योजना तथा बजेटका प्राथमिकताहरु

१. आर्थिक विकास तथा गरीवि निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
२. उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
३ उधमशिलता प्रवर्धनमा टेवा पुर्याउने
४. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
५. स्थानीय सहभागिता जुटने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
६. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
७. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
८. लैगिक समानता स सामाजिक समावेशीकरण अभिवृद्धि हुने
९. दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने
१०. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्‌भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने
११. आन्तरीक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्याउने
१२. स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने
१३. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
१४. स्थानीय तहले आवश्यक देखेका अन्य आवश्यक विषयहरु

## वार्षिक विकास योजना तर्जुमा गर्दा ध्यान दिनु पर्ने विषयहरु

१. संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उदेश्य, समय सीमा र प्रकृयासंग अनुकूल हुने
२. आवधिक विकास योजना र मध्यमकालीन खर्च संरचना अनुसार प्राथमिकताका विषयहरु
३. वातावरण संरक्षण, जदवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन
४. सुशासन, लैगिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तर सम्बन्धित विषयहरु
५. समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने विषयहरु
६. अन्तर स्थानीय तहको योजना कार्यान्वयनमा सघाउ पुग्ने विषयहरु
७. विषय क्षेत्रगत तथा भौगोलिक सन्तुलन कायम गर्ने पक्षहरु
८. वडा स्तरीय आयोजना छनौट गर्दा रु १ करोडको सीमाभित्र रही आयोजना छनौट गर्ने । वडा स्तरीय प्रति योजनाको लागत कम्तीमा रु १० लाख वा सोभन्दा बढी हुनु पर्नेछ ।
९. नगर स्तरीय आयोजना छनौट गर्दा आयोजनाको लागत कम्तीमा १५ लाख वा सोभन्दा बढी हुनुपर्ने ।
१०। क्रमागत योजनाहरुलाई पूर्ण रुपमा सम्पन्न गर्ने तर्फ बजेट विनियोजन गर्ने।
११। अधुरा योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने।